annapurnapost.com
अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक ३२ पृष्ठ ८ | काठमाडौं, आइतबार १८ जेठ २०८२ | जेष्ठ शुक्लपक्ष पञ्चमी नेपाल संवत् ११४५ | SUNDAY, JUNE 1, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# मनसुन भित्रियो, पूर्वमा बाढी–पहिरोको वितण्डा

सरदरभन्दा १५ दिन अगावै मुलुकमा मनसुन भित्रिएको छ। पूर्वबाट भित्रिएको मनसुनले सुरुमै वितण्डा मच्चाउन सुरु गरिसकेको छ। जल तथा मौसम विज्ञान विभागले यसपटक धेरै पानी पर्ने र २० लाख बासिन्दा प्रभावित हुने भनिसकेको छ। त्यसैकारण, सर्वसाधारण मात्र होइन, राज्यका सबै निकाय चनाखो भएर बस्नुपर्ने अवस्था छ।

**हरिबहादुर लम्जेल** | *धनकुटा*

**– को रिपोर्ट**




वर्षापछि लेउती खोलामा आएको लेदोसहितको बाढीले कोशी राजमार्गअन्तर्गत धरान–धनकुटा सडकखण्डको साँगुरीगढी गाउँपालिका–६ फेदीनजिकै भत्काएको सडक। सडक अवरुद्ध हुँदा अलपत्र सवारीसाधन र यात्रु। ● हरिबहादुर लम्जेल

विस्तृत पृष्ठ २

## स्टिल र आल्मुनियममा ५० प्रतिशत कर वृद्धि गर्ने ट्रम्पको संकेत



**वासिङटन** (एजेन्सी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्टिल र आल्मुनियमको आयातमा आगामी सातादेखि ५० प्रतिशतसम्म कर वृद्धि गर्ने घोषणा गरेका छन्।

पेन्सिलभेनियास्थित अमेरिकी स्टिल प्लान्टका कर्मचार तथा श्रमिकलाई सम्बोधन गर्दै उनले भने, 'हामी यसलाई २५ प्रतिशतबाट ५० प्रतिशत बनाउन गइरहेका छौं।'

गत वर्षको चुनावमा विजय हासिल गर्न सहयोग पुर्‍याएको अमेरिकी राज्य पेन्सिलभेनियामा नीलो रङको पहिरनमा भेला भएका कार्यकर्तासामु उनले भने, 'कोही पनि यसको वरिपरि पुग्नेवाला छैन।'

त्यसको केही समयपछि राष्ट्रपति ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल ट्रुथ सोसलको पोस्टमा लेख्नुभएको छ, 'बुधबार, जुन ४ देखि लागू हुने गरी नयाँ करसहित एल्युमिनियममा पनि उच्च दर लागू हुनेछ।' गत जनवरीमा राष्ट्रपतिका रूसमा पुनः ह्वाइट हाउसमा फर्केपछि ट्रम्पले विश्व व्यापार व्यवस्थालाई झकझक्याउने र वित्तीय बजारलाई तहसनहस पार्ने गरी आफ्ना सहयोगी र प्रतिद्वन्द्वीमाथि व्यापक कर लगाएका छन्।

उनले सवारी साधन (अटोमोबाइल्स) जस्ता वस्तुहरूलाई असर गर्ने क्षेत्र-विशिष्ट करहरू पनि जारी गरेका छन्। शुक्रबार उनले आफ्नो व्यापार नीतिको बचाउ गर्दै करवृद्धिले अमेरिकी उद्योगको सुरक्षामा सहयोग गरेको तर्क गरेका थिए।

उनले भने, 'आफ्नो पहिलो प्रशासनको समयमा स्टिल र आल्मुनियमजस्ता धातुहरूको आयातमा पनि कर नलगाएको भए यो क्षेत्र अस्तित्वमा हुने थिएन।'

» बाँकी पृष्ठ ६

## सिन्डिकेट पक्षधरको यातायात बन्द, यात्रुलाई कष्टै कष्ट

- पोखरामा अलपत्र ९ सय बढी यात्रुलाई स्कर्टिङ गरेर सशस्त्र प्रहरीले काठमाडौं ल्याउने तयारी गरेको छ।

**शिव उप्रेती** | *गोरखा*

गोरखाका विकास श्रेष्ठ र सम्झना श्रेष्ठलाई शिक्षा सेवा आयोगको परीक्षा सकेर शनिबार घर फर्कनुपर्ने थियो। तर, सिन्डिकेट पक्षधरले गण्डकी प्रदेशभर गरेको यातायात हड्तालका कारण उनीहरू पोखरामै अलपत्र पर्ने अवस्था आयो। आइतबार जसरी नि विद्यालयमा पुग्नुपर्ने भएका कारण महँगोमा बाइक भाडा तिरेर श्रेष्ठ दम्पती घर फर्के। 'एकछिन् त यातायात बन्दको विरोध गर्दै नाराजुलुस पनि गर्‍यौं तर, हाम्रो आवाज न बन्दकर्ताले सुन्यो, न राज्यपक्षले', साँझ हस्याङफस्याङ गर्दै गोरखा आइपुगेका श्रेष्ठ दम्पतीले भने, 'अनि २५-२५ सयमा दुईवटा पठाओ बाइक लिएर आयौँ। के गर्नु पाँच सय पनि भाडा नलाग्ने ठाउँमा पाँच हजार तिर्नुपर्‍यो।' भोलि पनि अर्को पठाओ बाइकमा आरुघाटस्थित स्कुल जानुपर्ने अवस्था आएको दुखेसो विकासले पोखे। 'के भनिसाध्य छ र यो बन्दले दुःख त कति कति', विकासले भने।




-गोरखा-११ सोह्रकिलोकी एञ्जल थापा स्कुल बिदा भएको मौका छोपेर मोबाइल मर्मत गर्न शनिबार गोरखा बजार आउनुपर्ने थियो। तर, सार्वजनिक यातायात बन्द हुँदा चर्को घाममा हिँडेर गोरखा बजार आइपुगिन्। फर्कँदासम्म गाडी चलिहाल्छ कि भन्ने मनभित्र आशा थियो तर, नचलेपछि हिँडेरै घर फर्कनुको विकल्प भएन। 'दुःख भयो नि !', उनले भनिन्, '१५ मिनेटको बाटो कति घण्टा पो हिँड्नुपर्‍यो। त्यहाँमाथि यस्तो चर्को घाम।'

-चितवनबाट १५ जनाको भक्तजन टोलीलाई शनिबार कालोप्लेटको रिजर्भ गाडी लिएर भीमसेनथापा गाउँपालिका-६ अश्राङ जानै पर्ने थियो। बिहान गोरखातर्फ आउँदै गर्दा उनीहरूले मुग्लिन, मझुवा, बारकिलो, आहाले लगायतका धेरै ठाउँमा झमेला सामना गर्नुपर्‍यो। 'जसोतसो दसबिन्ती गरेर अश्राङ त पुगियो तर, ६ बजेअघि नफर्कने उर्दी गरेका थिए', यात्रु सडकमा अलपत्र पारेर बसिरहेका चालकले भने, 'पूजा त बेलैमा सकियो तैपनि, उर्दी त मान्नै पर्‍यो। हिजोभर्खर यही गोरखामा एउटा गाडी फुटाए। ६ बजेअघि गयो भने के हो के हो ?,' उनले बोलिरहँदा गोरखामा सवारी साधन सुरक्षित छैनन् भन्ने आशय व्यक्त हुन्थ्यो।

» बाँकी पृष्ठ ६

